# सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ८ बर्षः ८ संख्याः १७ मितिः आषाढ १३ गते, २०८१**


## भाग - १

## नगर प्रहरी बल ऐन, २०८१

**प्रस्तावनाः**

नेपालको संविधानमा एकल अधिकार अन्तर्गत रहेको नगर प्रहरीलाई प्रभावकारी रुपमा परिचालन गरी सिद्धार्थनगर नगरपालिकाको नीति, कानुन तथा निर्णय कार्यान्यनमा अपेक्षित उपलब्ध हासिल गर्न तथा सहरी सुव्यव्थापनका विविध क्षेत्रमा सुधार गर्न नगर प्रहरीमार्फत प्रवाह हुने सेवालाई सक्षम, सेवामुलक, जनउत्तरदायी र गुणस्तरीय बनाउन आवश्यक कानुनी व्यवस्था गर्न बान्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा (२) खण्ड (क) र दफा १०२ को उपदफा (१) ले दिएको अधिकार बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भः** १. यस ऐनको नाम **"नगर प्रहरी बल ऐन, २०८१"** रहेकोछ ।

२. यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ ।

२ **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क. "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख. "नगरपालिका" भन्नाले सिद्धार्थनगर नगरपालिकालाई सम्झनु पर्दछ।

ग. "नगर प्रहरी" भन्नाले सिद्धार्थनगर नगरपालिकाबाट करारमा लिई परिच्छेद ३ मा उल्लेखित कामकाज गर्न खटिएको जनशक्ति सम्झनुपर्छ । सो शब्दले नगर प्रहरी निरीक्षक, नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवान समेतलाई जनाउनेछ ।

घ. "आथिर्क वर्ष" भन्नाले कुनै वर्षको श्रावण १ गते देखि अर्को वर्षको आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्दछ ।

ङ. “प्रमुख” भन्नाले सिद्धार्थनगर नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

च. “जनप्रतिनिधि” भन्नाले सिद्धार्थनगर नगरपालिकाका जनप्रतिनिधिहरुलाई सम्झनु पर्दछ ।

छ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सिद्धार्थनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ज. “समिति” भन्नाले सिद्धार्थनगर नगरपालिकाको नगर प्रहरीको विभिन्न पदमा पदपूर्ति गर्न बनेको समिति सम्झनु पर्दछ ।

झ. “वडा कार्यालय” भन्नाले सिद्धार्थनगर नगरपालिकाको सम्बन्धित वडा कार्यालयलाई सम्झनु पर्दछ ।

ञ. “कार्यपालिका” भन्नाले सिद्धार्थनगर नगरपालिका, नगर कार्यपालिका भन्ने सम्झनुपर्दछ ।

ट. “सेवा करार” भन्नाले यस ऐन बमोजिम स्वीकृत दरवन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

## परिच्छेद २

## नगर प्रहरी बलको गठन, रेखदेख र नियन्त्रण

३ **नगर प्रहरी सेवाको गठनः** नगरपालिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ । नगर प्रहरी सेवाका विभिन्न पदहरु र पदहरु अन्तरगत रहने प्रहरी कर्मचारीहरुको पदपूर्ती सम्बन्धी व्यवस्था यस ऐन बमोजिम हुनेछ ।

४ **नगरपालिकामा रहने नगर प्रहरीको पदः**

(१) नगरपालिकामा रहने नगर प्रहरीको पद देहाय बमोजिम हुनेछ ।

क. नगर प्रहरी निरीक्षक

ख. नगर प्रहरी सहायक निरीक्षक

ग. नगर प्रहरी जवान

(२) उप-दफा (१) अनुसारका पदहरु मध्ये आवश्यता र औचित्यताका आधारमा पदहरु र ती पद अन्तरगत रहने नगर प्रहरी कर्मचारीको दरवन्दी संख्या नगर सभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(३) उप-दफा (२) बमोजिम स्वीकृत दरवन्दीमा यो ऐन बमोजिम नगरप्रहरीको नयाँ भर्ना प्रक्रियाद्वारा पदपूर्ति गरिनेछ ।

## परिच्छेद - ३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

५ **नगर प्रहरीको काम, कर्तव्य र अधिकारः**

१) नगरपालिकाले नगर प्रहरीको प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्ता कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य र अधिकार समेत उल्लेख गरिनेछ ।

२) नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयनमा सहयोग,

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुर्नस्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

**(३) विविध अधिकारः**

(क) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामग्री लगायत पसल व्यवसायका कारण उत्पन्न भएका अवरोध हटाउन लगाउने, हटाउने, जरिवाना गर्ने र जफत गरी फुटपाथमा आवतजावत सुचारु गर्ने । जफत गरिएको सामाग्रीहरु लिलाम प्रकृया अघि बढाउने ।

(ख) दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने । सो बमोजिम नगर्ने वा सार्बजनिक स्थानमा जथाभावी फोहोर गर्नेलाई कानून बमोजिम कारवाहीका लागि पेश गर्ने।

(ग) सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी लगायतका अन्य सार्वजनिक जग्गा मिची कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्ता अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन, निरीक्षण गर्ने, सार्वजनिक जग्गा अतिक्रमण गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण/अतिक्रमण गरेको देखिएमा आदेशानुसार निर्माण कार्य रोक्का गरी सम्बन्धित वडा कार्यालय, नगरपालिका कार्यालय तथा नगर प्रहरी संचालन शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । नगर प्रमुखबाट अनधिकृत प्रचलित कानून विपरित निर्माण भएका संरचनाहरु भत्काउने आदेश भए बमोजिम भत्काउन लगाई सोमा लागेको निजबाट खर्च असुल उपर गर्न पेश गर्ने ।

(घ) अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शा पास भए नक्शा पासका प्रमाणपत्र सहितको प्रतिवेदन नगरपालिका कार्यालय मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको पाईएमा कानून बमोजिम भत्काउने आदेश प्राप्त गरी भत्काउने । यसैगरी स्वीकृति नलिई सडक खनेको वा सडकमा क्षति पुर्याएको पाइएमा आदेशानुसार यस्ता कार्य तुरुन्त रोक्न लगाउने ।

(ङ) छाडा पशु व्यवस्थापनमा सहयोग गर्ने । त्यस्ता पशु सार्बजनिक स्थानमा छाडनेलाइ आदेशानुसार पक्राउ गरी कार्यालयमा पेश गर्ने। आफैलाई काम नलाग्ने पशु सार्बजनिक स्थानमा छोडी जानेलाई आदेशानुसार पक्राउ गरी जरिवानाका लागि पेश गर्ने ।

(च) उपभोक्ता हित विपरित कसैले व्यापार व्यवसाय गरेको पाईएमा कारवाहीको लागी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी निर्णय भए बमोजिम गर्ने ।

(छ) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीव जन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने । अटेर गरेमा कार्यालयको आदेश अनुसार पसल सिलबन्दी गरी संचालक वा ब्यबस्थापक सहित शाखामा पेश गर्ने वा जफत गरी नस्ट गर्ने र सोही बमोजिमको जरिवाना र कानून बमोजिम कारबाहीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(ज) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमा गाडन लगाउने । सार्वजनिक क्षेत्रमा कुकुरलाई दिसा पिसाब गराउन निषेध गर्ने, अटेर गर्नेलाई जरिवाना गर्न पेश गर्ने । छाडा कुकुरको कारण दुर्घटना बढनुका साथै रेविज जस्ता घातक रोग समेत फैलिने भएकाले समुदायको सहयोगमा ब्यबस्थापन गर्न पशु बिकास शाखाको समन्वयमा कार्यवाही गर्ने ।

(झ) खतरा उत्पन्न हुने रुख काटन लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र नगर प्रमुखबाट भत्काउन आदेश प्राप्त भए भत्काउन लगाउने वा भत्काउने । भत्काउन लगाउँदा अटेरगरे भत्काई सो कार्यमा लागेको खर्च सम्बन्धितबाट असूल उपर गरी विवरण सहित शाखामा दाखिला गर्ने ।

(ञ) वडा कार्यालय, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसंगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(ट) नगरमा सुव्यवस्था कायम गर्ने, नगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(ठ) ईजाजत बिना पेशा ब्यबसाय गरेको फेला परेमा उक्त पेशा ब्यवसाय दर्ता/नवीकरण गर्न लगाउने ।

(ड) विना ईजाजत व्यानर, होडिङ्गवोर्ड, ग्लोबोर्ड, नियोन साईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा आदेशानुसार पक्राउ गरी ईजाजत लिन लगाउने, नमानेमा त्यस्ता सामागी हटाई जरिवाना गर्न पेश गर्ने ।

(ढ) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट निर्देशन भए बमोजिम गर्ने ।

(ण) नाप तौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने कार्यमा शाखालाई प्रतिवेदन गरी शाखाबाट कार्यबाही अगाडी बढाउन निर्देशन भए बमोजिम खटिई जाने ।

(त) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(थ) नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना तथा वडा कार्यालयहरुमा तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(द) नगरपालिका अन्तर्गतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सो को विवरण तोकिएको समयभित्र उपलब्ध गराउने ।

(ध) अनधिकृत क्षेत्रमा पार्किङ्ग गर्न नदिने, गरेमा ट्राफिक प्रहरी समेतको सहयोगमा ब्यबस्थापन गरी जरिवानाका लागि पेश गर्ने । सार्वजनिक बाटो र निषेधित क्षेत्रमा पार्किङ्ग गरेका सवारी साधन (मोटर साईकल, साईकल, ठेला आदी) उठाइ ल्याउनुपर्ने अवस्था भएमा नगरपालिकामा ल्याउने खर्च समेत अनुमान गरी सो बमोजिम पेश गर्ने र निर्णय बमोजिम असूल उपर गरी कारवाही अगाडी बढाउने । उठाई ल्याउन नसकिने ठूला साधनका हकमा व्हील लक गरी राख्ने, व्हील लक गरेको समय देखि नगरपालिकाले तोके बमोजिम जरिवाना असूल गर्न पेश गर्ने ।

(न) सडक तथा सडकको क्षेत्राधिकारभित्र वा कुनै सार्बजनिक स्थानमा निर्माण सामाग्री राखी त्यस्तो सडकको दुरावस्था बनाउने वा आवागमनमा अवरोध गर्नेलाई तत्काल सामग्री हटाउन लगाई नगरपालिकाले तोके बमोजिम जरिवाना गर्न पेश गर्ने । हटाउन अटेर गरी आलटाल गरेमा हटाउने र सो कार्य गर्दा लागको खर्च र जरिवाना समेत असूल उपर गर्न नगरपालिकामा पेश गर्ने ।

(प) स्थानीय बजार ब्यबस्थापन गर्ने गराउने, सडक तथा सडक पेटी एवं सडकको क्षेत्राधिकारभित्र कुनै पसल, व्यवसाय, संचालन गर्न, ठेलागाढा वा साईकल राख्न तथा सामाग्री राख्न नदिने । हटाउन लगाउँदा समेत अटेर गरेमा त्यस्ता सामग्री उठाई जफत गरी नगर प्रहरीको नियन्त्रणमा राखी सोको विवरण नगर प्रहरी बलमा बुझाउने । जफत गरिएका सामाग्रीहरु छोटो प्रक्रियाद्धारा लिलाम गरी प्राप्त आम्दानी नगरपालिकाको खातामा जम्मा गरिनेछ । सडी कुही जाने तथा तत्काल नष्ट हुने सामग्रीलाई तत्काल उचित स्थानमा गाडने वा नष्ट गर्ने ।

(फ) कानूनले निषेध गरेका गतिविधिहरु जस्तैः जुवा तास खेलेको, लागू औषध सेवन तथा ओसार पसार, बेश्यावृत्ति, अबैध हात हतियारको ओसार पसार तथा प्रयोग जस्ता गतिविधि भएको देखेमा सम्बन्धित प्रहरी कार्यालयमा जानकारी गराउने ।

(ब) कारवाहीका सिलसिलामा कसैलाई हिरासतमा राख्नुपर्ने भएमा नगर प्रहरी बलबाट प्रक्रिया पुऱ्याई प्रहरी कार्यालयमा बुझाउनुपर्ने ।

(भ) उल्लेखित कार्यमा चित्त नबुझी पुनरावेदन गर्नुपरेमा सम्बन्धित पक्षले नगर प्रमुख समक्ष तीन दिनभित्र निवेदन दिनु पर्नेछ । सो को ७ दिन भित्र नगर प्रमुखले निर्णय दिनुपर्नेछ ।

(म) कार्यालयको आदेशानुसार अन्य विभिन्न कार्यहरु गर्ने ।

४) उपदफा २ मा उल्लेखित भएको अतिरिक्त नगर प्रहरीको काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

## परिच्छेद–४

## दरवन्दी श्रृजना र पदपूर्ती सम्वन्धी व्यवस्था

६ **पद तथा दरवन्दी श्रृजना सम्वन्धी व्यवस्थाः**

(१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न पद/तह तथा दरवन्दीको श्रृजना र खारेजी सम्बन्धी व्यवस्था नगर सभाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) दरवन्दी श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नु पर्ने कामको विवरण, मौजुदा दरवन्दीबाट थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पर्ने प्रभाव समेतका विषयहरु स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

(३) नगर प्रहरीको नियुक्ति हुने पदहरुः नगर प्रहरीको देहायका पदहरु खुला प्रतियोगिताद्वारा पूर्ति गरी नियुक्ति हुनेछ ।

(क) नगर प्रहरी निरीक्षक

(ख) नगर प्रहरी सहायक निरीक्षक

(ग) नगर प्रहरी जवान

७ **पदपूर्ति समितिको गठनः**

१) नगर प्रहरीका विभिन्न पदमा पदपूर्ति गर्न देहाय बमोजिमको पदपूर्ति समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | -अध्यक्ष |
| ख) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको १ जना प्रतिनिधी | -सदस्य |
| ग) नेपाल प्रहरी/सशस्त्र प्रहरीको कम्तीमा अधिकृतस्तरको १ जना प्रतिनिधी | -सदस्य |
| घ) सरकारी अस्पतालको १ जना मेडिकल अधिकृत प्रतिनिधि | - सदस्य |
| ङ) नगरपालिकाको प्रशासन महाशाखा प्रमुख | -सदस्य सचिव |

८ **पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार :**

१) पदपुर्ति समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क. नगर सभाले स्वीकृत गरे बमोजिमको दरबन्दी अन्तर्गत रिक्त पद निर्धारण गर्ने,

ख. खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदको हकमा पाठ्यक्रम निर्धारण गर्दा नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मानिनेछ र छनौट बिधिलाई आवश्यकतानुसार पदपुर्ति समितिले पाठ्यक्रममा हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सक्नेछ ।

ग. पदपुर्तिको कार्य तालिका वनाउने,

घ. परिक्षाका किसिम तोक्ने,

ङ. पदपुर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

च. परिक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने,

छ. नियुक्तिका लागि सिफारिस गर्ने,

ज. संघीय तथा प्रदेशको प्रचलित नीति, निर्देशन लगायतका कानुनहरुको पालना गर्ने, गराउने।

**९ सेवा करार सम्बन्धी व्यवस्थाः**

(१) समितिले आवश्यक योग्यता पुगेका व्यक्तिहरुलाई निजहरुको योग्यता परीक्षण गरी सेवा करारमा नियुक्ति गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस भै आएका उम्मेदवारहरुलाई प्रमुख प्रशासकीय अधिकृतले सेवा करारमा नियुक्ति गर्ने गरी निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा करारमा लिने निर्णय गर्दा सेवा करारको अवधि, पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको निर्णय पश्चात प्रमुख प्रशासकीय अधिकृतले सेवा शर्तहरु र सुविधाका कुराहरु समेत स्पष्ट उल्लेख गरी सेवा करामा लिने व्यक्ति संग वढीमा १ वर्षका लागि सेवा करार सम्झौता गर्नु पर्नेछ ।

(५) सम्झौता बमोजिम सेवा करारको अवधि समाप्त भए पश्चात पनि सेवा करारमा लिएको व्यक्तिको सेवा सन्तोषजनक भएमा सेवा करारको अवधि थप गरी प्रमुख प्रशासकीय अधिकृतले पुनः सम्झौता गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम सेवा करारमा नियुक्ति हुने व्यक्तिले सम्झौतामा उल्लेख भए बाहेकका अन्य कुनै सुविधा, सहुलियतको दावि गर्न पाउने छैन ।

(७) यस दफा बमोजिम सेवा करारमा नियुक्ति गर्दा तत् तत् पदलाई आवश्यक पर्ने योग्यता समेतलाई आधार लिई नियुक्ति सम्वन्धी कारवाही अगाडी वढाउनु पर्नेछ ।

**१०. पदपुर्ति सम्बन्धी व्यवस्थाः**

(१) खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदको आवश्यक योग्यता, परीक्षा प्रणाली तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) माथि जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरी पदपुर्तिको लागि समितिले लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्रलाई अनुरोध गरी नियुक्ति हुन योग्य उम्मेदवारको नाम सिफारिस गर्न अनुरोध गर्न समेत सक्नेछ ।

## परिच्छेद—६

## नगरपालिका प्रशासन र नगर प्रहरी बीचको सम्बन्ध

**११. प्रशासनको नियन्त्रणमा रहनेः**

(१) नगर प्रहरीको अनुशासन र आन्तरिक खटन पटन वाहेक समस्त नगर प्रहरी कर्मचारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(२) नगर प्रहरी अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य सामान्यतया नगर प्रहरी प्रमुखले गर्नेछन्।

## परिच्छेद—७

## विदा सम्बन्धी व्यवस्था

**१२. विदा अधिकारको कुरा होइनः**

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) विदा स्वीकृत गर्ने अधिकारीले आफ्नो स्व-विवेकले विदा स्वीकृत, अस्वीकृत गर्न सक्नेछ ।

(३) विदाका किसिमहरुः नगर प्रहरी कर्मचारीहरुले देहाय बमोजिमका विदा पाउनेछन् ।

क. भैपरी आउने विदा

ख. किरिया विदा

ग. सट्टा विदा

**१३. नगर प्रहरीले पाउने विदा सम्बन्धी व्यवस्थाः**

(१) स्थायी रुपमा कार्यरत नगर प्रहरी कर्मचारीले पनि नगरपालिकाका आफ्ना स्थायी कर्मचारीले नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी कानून बमोजिम प्राप्त गर्ने विदाहरु सोही कानूनको अधिनमा रही प्राप्त गर्न सक्नेछन् । तर सेवा करारमा छुट्टै सम्झौताद्वारा नियुक्ति भएका नगर प्रहरी कर्मचारीलाई सार्वजनिक विदा वाहेक उपरोक्त विदा सुविधा उपलव्ध हुने छैन ।

(२) स्थायी नगर प्रहरी कर्मचारीलाई अध्ययन विदा, असाधारण विदा विदा नगर कार्यपालिकाले मात्र स्वीकृत गर्न सक्नेछ । अन्य विदाहरुको हकमा भैपरी आउने र पर्व विदा नगर प्रहरी प्रमुखले र बाँकी अन्य विदाहरु कर्मचारी प्रशासन शाखाका प्रमुखले स्वीकृत गर्नेछन् ।

(३) विदा लिने विधि, विदाका प्रकार, विदा सम्बन्धी शर्तहरु र अन्य कुराहरु नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी विद्यमान कानून बमोजिम हुनेछ ।

१४ **विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः** विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गएल र तलब कट्टी गरी विभागीय सजाय समेत गरिनेछ ।

## परिच्छेद—८

## आचरण

**१५. नगर प्रहरीको आचरणः**

नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको आचरणको पालना गर्नुपर्नेछ ।

(क) आफ्नो कार्यालयको काममा कुनै असर पर्ने गरी आफू वा परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृती विना कोही कसै संगबाट दान, वक्स पुरस्कार वा उपहार स्वीकार गर्नु हुदैन ।

(ख) कुनै किसिमको चन्दा माग्न वा लिन हुदैन ।

(ग) आफू वा आफ्ना परिवारको नाममा कुनै अचल सम्पत्ति खरीद गर्नु पर्दा नगरपालिकाको स्वीकृती लिनु पर्नेछ ।

(घ) आफू वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति नगद, सुन, चाँदी, शेयर र बैंक ब्यालेन्स विवरण सहितको सम्पत्ति विवरण सेवा प्रवेश गरेको ३ महिना भित्र र हरेक आर्थिक वर्ष समापन भएको मितिले ६० दिन भित्र यस्तो अद्यावधिक विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ।

(ङ) नगरपालिकाको स्वीकृती वेगर कुनै व्यापार व्यवसाय गर्न पाइनेछैन ।

(च) नगरपालिकामा आफ्नो कर्तव्य पालनाको सन्दर्भमा वा कार्यालयका आफ्नो जानकारीमा आएका कुनै सूचनाहरु नगरपालिकाको आख्तियारी विना कोही कसैलाई दिनु हुदैन ।

(छ) रेडियो वा कुनै पत्र पत्रिकामा वेनामी कुनै लेख प्रकाशित गर्न वा प्रसारण गर्नु हुदैन तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइनेछ ।

(ज) नगरपालिकालाई खलल पुग्ने गरी वा नगरपालिकाका नीति विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन ।

(झ) निर्वाचनमा कुनै पनि राजनैतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुदैन । तर प्रचलित कानून बमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्नेछैन ।

(ञ) समय पालन वा नियमिततामा नगर प्रहरी कर्मचारी चुस्त दुरुस्त हुनु पर्नेछ ।

(ट) आफ्नो कर्तव्य तत्परताका साथ पालन गर्नु पर्नेछ ।

(ठ) आफू भन्दा माथिका अधिकृतले दिएको आदेश पालना गर्ने र माथिका अधिकृतहरु उपर उचित आदर देखाउनु पर्नेछ ।

(ड) आफ्नो मतलव साध्य पार्न कुनै अनुचित प्रभाव पार्नु हुदैन ।

(ढ) बहु बिवाह, बाल बिवाह र अनमेल बिवाह गर्नु हुदैन । प्रचलित कानून विपरित हुने गरी विवाह गर्नु गराउनु हुदैन ।

## परिच्छेद–९

## सजाय र पुनरावेदन

**१६ सजायः**

(१) उचित र प्रयाप्त कारण भएमा नगर प्रहरीलाई देहाय बमोजिम सजाय गर्न सकिनेछः

(क) सामान्य सजायः

(१) नसिहत दिने ।

(२) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

(ख) विशेष सजायः

(१) भविष्यमा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने ।

(२) भविष्यमा अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गर्ने ।

१७ **नगरपालिकाको विद्यमान कानून बमोजिम हुनेः यसै ऐनको** दफा १६ बमोजिम सामान्य सजाय र विशेष सजाय गर्ने अवस्था, सजाय गर्दा अपनाउनु पर्ने प्रक्रिया, सजाय गर्ने अधिकारी र सो सजाय उपरको पुनरावेदन एवं निलम्बन सम्बन्धी व्यवस्था नगरपालिकाले आफ्नो कर्मचारीहरुको लागि कार्यान्वयनमा

ल्याएको कर्मचारी प्रशासन सम्बन्धी कानूनमा गरिएको व्यवस्था नै नगर प्रहरी कर्मचारीको हकमा समेत लागु हुनेछ । तर सेवा करारमा लिएका नगर प्रहरी कर्मचारीको हकमा स्पष्टिकरण सहित सामान्य प्रक्रियाबाट सजाय गरी सेवाबाट हटाउन सकिने छ ।

## परिच्छेद–१०
## अवकाश,उपदान तथा अन्य सुविधाहरु र तलब भत्ता सम्बन्धी व्यवस्था

१८ **अनिवार्य अवकाशः** उमेरको गणना तथा अवकाश सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

१९ **सेवा करारमा नियुक्त हुने नगर प्रहरीको तलब भत्ता सम्बन्धी व्यवस्थाः** नगरपालिकामा सेवा करारमा नियुक्ति हुने नगर प्रहरीको तलब,भत्ता र अन्य सुविधाहरुका सम्बन्धमा नगर कार्यपालिकाले निर्णय गरी दिन सक्नेछ । नगरकार्यपालिकाले उपलब्ध गराउने सेवा सुविधाका सम्बन्धमा सेवा करार सम्झौतामा उल्लेख गरी सुविधा उपभोग गर्न पाईनेछ । सो वाहेक अन्य सुविधा उपलव्ध हुने छैन।

२० **नगर प्रहरी कर्मचारीको पोशाक सम्बन्धी व्यवस्थाः**

(१) नगर कार्यपालिकाले नगर प्रहरी कर्मचारीलाई पोशाक उपलब्ध गराउनेछ । यसरी पोशाक सुविधा दिदा के कति समयको अन्तरालमा के कति रकम सम्मको पोशाक प्रदान गर्ने हो,सो समेतको निर्णय हुन पर्नेछ ।

(२) पोशाकको रंग,किसिम,ड्रेस कोड र अन्य विषयमा नगर प्रमुखसँग राय लिई प्रमुख प्रशासकीय अधिकृतले तोक्नेछ।

(३) नगर प्रहरी कर्मचारीलाई यो दफा बमोजिम पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दररेट बमोजिम सिलाई ज्याला र तोकिए बमोजिमको पोशाक खरीद रकम समेत एकमुष्ट उपलव्ध गराइनेछ ।

(४) अधिकृत स्तरको नगर प्रहरी कर्मचारीको लागि नगर कार्यपालिकाले सेरोमोनियल पोशाक समेतको व्यवस्था गर्न सक्नेछ ।

(५) सेवा करारमा नियुक्ति पाएका नगर प्रहरी कर्मचारीलाई समेत नगरकार्यपालिकाको निर्णय बमोजिमको पोशाक वा पोशाक खर्च उपलव्ध हुनेछ ।

(६) यस दफा बमोजिम तोकिए बमोजिमको पोशाक प्राप्त गर्ने प्रहरी कर्मचारीले अनिवार्य रुपमा त्यस्तो पोशाक लगाउनु पर्नेछ ।

## परिच्छेद–११
## विविध

**२१ तालीम सम्बन्धी व्यवस्थाः**

(१) नगर प्रहरीलाई आधारभूत तालीमको अतिरिक्त सेवाकालिन तालीम उपलव्ध गराइनेछ।

(२) यसरी दिइने तालीमको लागि विज्ञ समूहद्वारा पाठ्यक्रम तर्जुमा गरी सोही अनुरुप तालीम प्रदान गरिनेछ।

(३) प्रत्येक पदमा कार्यरत प्रहरी कर्मचारीले तोकिए बमोजिमको तालीम अनिवार्य रुपमा लिनु पर्नेछ , अन्यथा निजलाई विभागीय कारवाही गरी सेवाबाट हटाउन सकिनेछ ।

(४) तालीम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२ **ऐन संशोधन तथा कानून निर्माण गर्न सक्नेः** नगर सभाले यो ऐन कार्यान्वयन गर्ने क्रममा आवश्यकतानुसार संशोधन तथा कानून निर्माण गरी लागु गर्न सक्नेछ ।

**आज्ञालेः**
जनक थापा
प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थनगर नगरपालिका